नेपाल सरकार

# संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल



पत्र संख्या :
च.नं.:

प्रेम बहादुर आले
मन्त्री

## शुभकामना सन्देश

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को)को सन् २००३ को २९ सेप्टेम्बर देखि १७ अक्टोबर सम्म फ्रान्सको पेरिसमा सम्पन्न साधारण सभाले अमूर्त साँस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि अङ्गीकार गरेको दिनको सम्झनामा नेपालले आफ्नै पहलमा सन् २०१७ देखि प्रत्येक वर्ष अक्टोबर महिनाको १७ तारिखका दिन **अमूर्त साँस्कृतिक सम्पदा दिवस** मनाउँदै आएको छ । सो अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुप्रति सम्मान प्रकट गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

पुर्खाहरुबाट परम्परागत रुपमा ग्रहण गरी वर्तमान पुस्तासम्म हस्तान्तरण हुँदै आएका मौखिक परम्परा, प्रस्तुति,कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व,जात्रा, मेलाहरुजस्ता अमुर्त सांस्कृतिक गतिविधिहरु नै अमूर्त साँस्कृतिक सम्पदाहरु हुन् ।

विविधतामा एकता, नेपाली समाजको विशेषता भन्ने तथ्यलाई आत्मसात गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउनको लागि अमूर्त साँस्कृतिक सम्पदाको भूमिका अतुलनीय रहेको छ ।

नेपालको संविधानमा आफ्ना भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदाको संवर्द्धन र संरक्षण गर्ने र साँस्कृतिक जीवनमा सहभागी हुने हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । साँस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन र विकासका लागि अध्ययन अनुसन्धान र प्रचार प्रसार गर्ने, साँस्कृतिक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन गर्ने, राष्ट्रिय रुपमा रहेका कला साहित्य संगीतको सामुदायिक विकास गर्ने जस्ता नीति नेपालको संविधानले आत्मसात गरेको छ ।राष्ट्रिय संस्कृति नीति, २०६७ कार्यान्वयन मार्फत अमूर्त सम्पदाको संरक्षण, संवर्द्धन तथा त्यसको निरन्तरतामा मन्त्रालयले जोड दिएको छ ।भाषा, साहित्य, लिपि, सङ्गीत, नाट्यकला र ललितकला क्षेत्रको बृहत्तर विकास र प्रवर्द्धन गरी सबै जाति समुदायको संस्कृति र परम्पराको जगेर्ना गर्दै मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धि गर्दै विभिन्न धर्म, जातजाति, सम्प्रदाय, भाषा, साहित्य, संगीत, लिपि, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकास सम्बन्धी नीति, कानून र मापदण्डको जिम्मेवारी यस मन्त्रालयमा रहेको छ।

अमूर्त साँस्कृतिक सम्पदाको पहिचान र संरक्षण गर्ने प्रमुख कारक यसको धारण र अभ्यास गर्ने समुदाय नै हुन् ।सबै तहका सरकारहरु अमूर्त साँस्कृतिक सम्पदाको स्थानीयकरण मार्फत संरक्षण, प्रवर्धन र विकासको अग्रणी भूमिकामा रहेका छन् ।सामुदायिक र सामुहिक भूमिकामा जोड दिने उद्देश्य यस दिवसले लिएको छ ।

अमूर्त संस्कृतिले एक अर्कालाई राम्रोसंग बुझ्न , सांस्कृतिक माध्यमबाट विविध समुदायहरुबीच शान्ति र सद्भावलाई बढावा दिने अमूल्य निधिको रुपमा रहेका हाम्रा मौलिक अमूर्त साँस्कृतिक सम्पदाको जगेर्ना गर्नु हामी सबैको कर्तव्य हो । यस दिवसले हाम्रा संस्कृति, कला, सीप, जात्रा, पर्व, परम्परा, चालचलन, व्यबहारमा सबैको चासो, संलग्नता, प्रचार प्रसार तथा अन्तरपिँढी हस्तान्तरण मार्फत यिनीहरुको पहिचान, संरक्षण, संवर्द्धन गर्न सबै तहका सरकार एवं आमनागरिकलाई प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रेम बहादुर आले
मन्त्री

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल : aprem4790@gmail.com, वेबसाईट : www.tourism.gov.np